# स्थानीय राजपत्र


गोलन्जोर गाउँपालिका, सिन्धुलीद्वारा प्रकाशित

| खण्ड १ | संख्या १ | मितिः २०७४/०६/०५ |
|---|---|---|


**भाग २**

**गोलन्जोर गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७५ सालको कार्यविधि संख्या १

# गोलन्जोर गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको धारा २२७ अनुसार प्रदेश कानुन बमोजिम स्थानीय तहको बैठक सञ्चालन कार्यविधि स्वीकृत भई लागू नभए सम्मको लागि गोलन्जोर गाउँसभाको कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, आवश्यक समितिहरूको गठन गर्न र अन्इ काम कारबाही नियमित एवं प्रभावकारी बनाउन गोलन्जोर गाउँ पालिका गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यस नियमावलीको नाम “गोलन्जोर गाउँसभा सञ्चालन कार्यविधि-२०७४” रहेको छ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

ख) “स्थानीय तह” भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोमजिमका गाउँपालिका सम्झनु पर्दछ।

ग) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्दछ।

घ) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ।

ङ) “अध्यक्ष” भन्नाले सभाको अध्यक्षलाइ सम्झनु पर्दछ।

च) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

छ) “विधेयक” भन्नाले स्थानीय कानुनको मसौदा वा कानुनको संशोधन मसौदा समेत सम्झनु पर्छ।

ज) “सदस्य” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाको सदस्य वा वडा सदस्य लाइ सम्झनु पर्छ।

झ) “सभाको सचिव” भन्नाले गाउँ पालिकाको कार्यकारी अधिकृत वा अध्यक्षले सभाको सचिव भइ काम गर्न तोकेको कर्मचारी समेतलाइ सम्झनु पर्छ।

ञ) "बैठक" भन्नाले गाउँसभाको अधिवेशन सम्झनु पर्छ। सो शब्दले समितिको बैठक समेतलाइ सम्झनु पर्दछ।

ट) "प्रस्ताव" भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव वा सो प्रस्तावसँग सम्बन्धित संशोधन प्रस्ताव समेत सम्झनु पर्छ।

ठ) "प्रस्तुतकर्ता सदस्य" भन्नाले सभाको विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सभाको सदस्य सम्झनु पर्छ।

ड) "बैठक कक्ष" भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरण्डा समेतलाइ जनाउँछ।

ढ) "विषयगत शाखा" भन्नाले गाउँपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा सम्झनु पर्छ।

ण) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने सभाको समिति सम्झनु पर्छ।

त) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ।

## परिच्छेद-२

## सभाको बैठक तथा बैठक सञ्चालन सम्बन्धी व्यवस्था

३. **सभाको अधिवेशन बोलाउने:**

१) अध्यक्षले गाउँपालिकाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले एक महिना भित्र सभाको पहिलो अधिवेशन बोलाउनेछ। त्यसपछि यस कार्यविधि बमोजिम अध्यक्षले समय समयमा अन्य अधिवेशन बोलाउनेछ ।तर सभाको एउटा अधिवेशनको समाप्ति र अर्को बैठकको प्रारम्भका बीचको अवधि छ महिना भन्दा बढी हुने छैन।

२) अध्यक्षले कार्यसूची बमोजिम सभाको बैठकको संचालन र अन्त्य गर्नेछ।

३) सभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा बैठक बोलाउन वाञ्छनीय छ भनी सभाको सम्पूर्ण सदस्य संख्याको एक चैंथाइ सदस्यहरूले लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो बैठक बस्ने मिति, स्थान तोक्नेछ। त्यसरी तोकिएको मिति, समय र स्थानमा सभाको अधिवेशन बस्नेछ।

**प्रमाणीकरण मितिः २०७४।०६।०५**

**आज्ञाले,**
**टंक नाथ घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**